च.नं./Ref. No.: ...............

# हार्दिक श्रद्धाञ्जली

यहि मिति २०७३ साल साउन ३१ गते काभ्रेपलाञ्चोक जिल्लाको विर्ता देउराली तथा वैतडी जिल्लामा यात्रुवाहक बस दुर्घटना हुँदा ३ दर्जन भन्दा बढीको संख्यामा मृत्यु भइसकेको तथा दर्जनौ घाइते यात्रुहरूको स्थिति अझै गम्भीर रहेको हृदयविदारक समाचारले हाम्रो पार्टी नेकपा (माले) लाई अत्येन्त दुःखी बनाएको छ । घटनामा परेर ज्यान गुमाएकाहरू प्रति हाम्रो पार्टी हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछ; आफन्तको वियोगमा शोकसन्तप्त परिवारजन तथा आफन्तजनहरूप्रति हाम्रो पार्टी हार्दिक समवेदना प्रकट गर्दछ । घाइतेजनहरूको शिघ्रस्वास्थ्यलाभको कामना गर्दै निजहरूको सम्पूर्ण उपचार तथा मृतक एवम् घाइतेका परिवारलाई तत्काल क्षतिपूर्ति उपलब्ध गराउन जोडदार माग गर्दछ ।

यातायात ब्यवसायीहरूले लागू गरेको गैरकानुनी सिण्डिकेट पनि यस्तो दुर्घटनाको मुख्यकारण रहने गरेकोले तत्कालै सिण्डिकेट हटाउन; यातायात सञ्चालनको अनुमति दिनु अघि सडकको मापदण्ड परिक्षण गर्न; सञ्चालन गर्नु अघि यातायात साधन परिक्षण गरी स्थिति ठिक रहेको पुर्जी चालकको साथमा रहनु पर्ने, तोकिएको संख्या भन्दा बढी यात्रु बोक्न नपाउने लगायतको ब्यवस्था गर्न तथा यात्रुको लागि यातायातको साधन पर्याप्त हुने र यात्रुले साधन छनौट गर्न सक्ने स्थिति कायम गर्न हाम्रो पार्टी सरकार सङ्ग जोडदार माग गर्दछ ।

मिति : ३२ श्रावण, २०७३

(सी.पी. मैनाली)
महासचिव

केन्द्रीय कार्यालय:
रातोपुल, काठमाण्डौं, नेपाल
फोन : +९७७-१-४४६९०३३
E-mail: cpnml.cc@gmail.com
Website: www.cpnml.org
Post Box: 13613, Kathmandu, Nepal
Central Office:
Ratopul, Kathmandu, Nepal
Tel: +977-1-4469033, Fax: 4469035